annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३० पृष्ठ ८ | काठमाडौं, शनिवार २२ भदौ २०८१ | भाद्र शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४४ | SATURDAY, SEPTEMBER 7, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

## पूर्ण रूपमा खुल्यो टिकटक

TikTok

**काठमाडौं** (अन्नपूर्ण) : शुक्रबारबाट टिकटक सुचारु भएको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले टिकटकमा लगाइएको प्रतिबन्ध हटाएको छ। गत भदौ ६ गतेको मन्त्रिपरिषद्को निर्णयबाट सामाजिक सञ्जालको रूपमा प्रयोग भइरहेको टिकटकको प्रयोगमा लगाइएको रोक हटाइएको थियो।

त्यही निर्णयअनुसार अर्को निर्णय नहुँदासम्मको लागि टिकटकमा लगाइएको रोक हटाउन दूरसञ्चार ऐन, २०५३ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबै इन्टरनेट सेवा प्रदायकहरू र मोबाइल सेवा प्रदायकहरूलाई प्राधिकरणले निर्देशन जारी गरेको छ।

२०८० कात्तिक २७ गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले टिकटक प्रतिबन्ध लगाउने निर्णय गरेको थियो।

यता सरकारले पनि टिकटक कम्पनीले केही सर्तमा प्रतिबद्धता जनाएपछि खुला गरिएको जनाएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै लामो समयदेखि नेपाल सरकारसँग सम्पर्कमा रहेको टिकटकको सञ्चालक कम्पनीले समाजका मर्यादा तथा सुरक्षा चासोलाई सम्बोधन गर्ने र त्यहीअनुसार टिकटकलाई सुधार गर्ने प्रतिबद्धता गरेपछि मन्त्रिपरिषद्द्वारा निर्णय गरी टिकटक खुला गरिएको जनाएको छ ।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

# बाजा बजाउनेमाथि विभेद, लोप हुँदै कर्णालीमा पन्चैबाजा

**कथित दलितले मात्रै बजाउने हो भन्ने परम्परागत मान्यताका कारण नयाँ पुस्ता पन्चैबाजा बजाउनै चाहँदैन । पुरानो पुस्ता पनि बाजागाजामा जातीय 'विभेद' हुन थालेको भन्दै यसबाट अलग हुँदैछ ।**



खाँडाचक्र नगरपालिका वडानं. १ कि मधु शाहीले नेतृत्वमा पन्चैबाजा बजाउँदै महिलाहरू । ● भरतराज विष्ट

समाचार पृष्ठ २

भरतराज विष्ट | *कालीकोट* – को रिपोर्ट

## छैटौं पटकमा सचिव बनेका दुवाडी गृहसचिव



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

छैटौं पटकमा सचिव बनेका गोकर्णमणि दुवाडी गृह मन्त्रालयको सचिव बनेका छन्। राष्ट्रिय तथ्यांक कार्यालयका प्रमुख तथ्यांक अधिकारी दुवाडीलाई गृह मन्त्रालयमा सरुवा गरिएको छ। तत्कालीन गृहसचिव एकनारायण अर्याल मुख्यसचिव भएपछि सो पद रिक्त थियो। आकर्षक मन्त्रालयका रूपमा रहेको गृहमा जाने आकांक्षी धेरै थिए।

करिब आधा दर्जन आकांक्षीलाई पछि पार्दै दुवाडी गृहसचिव बनेका छन्। गृहसचिवका लागि विनोदप्रकाश सिंह, कृष्णहरि पुष्कर, हरि मैनाली, दीपक काफ्ले, नारायणप्रसाद शर्मा दुवाडी, अर्जुन पोखरेल, मुकुन्द निरौलालगायत दौडधुपमा थिए।

उता दुवाडी छैटौं पटकको सिफारिसमा २०७७ मंसिर १० मा उनी सचिव बनेका थिए। दुवाडी पाँच पटकसम्म सिफारिस भएर बढुवा भएका थिएनन् । दुवाडीलाई दुईदुईपटक पहिलो र दोस्रो नम्बर तथा एकपटक तेस्रो नम्बरमा लोकसेवा आयोगको बढुवा समितिले सिफारिस गरेको थियो। तीन पटक उनको सिफारिस मन्त्रिपरिषद् बाटै फिर्ता भएको थियो। सचिवको बढुवा समितिमा लोकसेवाका अध्यक्ष, मुख्यसचिव तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिव रहने व्यवस्था छ। बढुवा समितिको संयोजक लोकसेवा आयोगका अध्यक्ष हुने गरेका छन्।

» बाँकी पृष्ठ ६

International Partner

Bhakti Financial Group, USA

RD Retail India Pvt.Ltd., INDIA

Federation of Canada Nepal Chamber of Commerce, CANADA



स्टार्टअपसँग अन्नपूर्ण

Knowledge Partner

N. Hub Nepal

केही नयाँ, केही फरक उद्यम गर्नेहरुसँग अन्नपूर्ण पोस्ट्को सहकार्य । आउनुहोस्, एकसाथ अगाडि बढौं ।

Mentorship Partner

Moirai Corporation Pvt. Ltd., Nepal

Investment Partner

Aadhyanta Fund Management Limited, Nepal

Startup Partner

ARKBO Technologies Pvt. Ltd., Nepal

Pokhara Pizza House, Nepal

Kilindar Services Pvt. Ltd., Nepal

Voyageons Nepal Nepal

Braimy Scholars Space Pvt. Ltd., Nepal

Sweet Fix Nepal

Delish Dairies Pvt. Ltd., Nepal

Lexpertease Tech Holdings Pvt. Ltd., Nepal

Nepal Filili Tech Pvt. Ltd., Nepal

Basiyo Services Pvt. Ltd., Nepal

Shree Krishna Organic Agriculture & Cattle Farm, Nepal

Okay Journey Pvt. Ltd., Nepal

Bethanchok R.D.R. Krishi Tatha Pashupalan Farm Pvt. Ltd., Nepal

Lukla Outdoors Pvt. Ltd., Nepal

Global Diary Pvt. Ltd., Nepal

GG Corporation Pvt. Ltd., Nepal

विस्तृत जानकारीको लागि : ९८०१०५९७५१

ANNAPURNA MEDIA NETWORK | अन्नपूर्ण पोस्ट | THE ANNAPURNA express | AP1 HD | annapurna annapurnapost.com | Radio Annapurna Nepal 94.0